नेपालमा विकास योजना

पृष्ठभूमिः

योजनावद्ध विकास प्रक्रियाको प्रारम्भसँगै वि.सं.२०१३ मा प्रथमपटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा योजना निर्माण गर्ने निकाय गठन भएको थियो । यसलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ अनुसार त्यही वर्ष योजना मण्डलको स्थापना भएको थियो ।

योजना तर्जुमा गर्ने जिम्मेवारीबाहेक योजना मण्डललाई विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो । वि.सं.२०१७ मा वहुदलीय व्यवस्थालाई अन्त्य गरिएसँगै तत्कालीन राजा महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषद्को स्थापना भएको र परिषद्को निर्णय मन्त्रिपरिषद्को निर्णय बराबरको मान्यता दिई परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि सबैभन्दा अधिकार प्राप्त निकायको रूपमा स्वीकार गरिएको थियो । प्रारम्भमा परिषद्लाई सहयोग पुऱ्याउन छुट्टै एउटा सचिवालयको स्थापना भएको थियो । यद्यपि, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भएपश्चात् सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायता सम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद्अन्तर्गत ल्याइयो ।

वि.सं. २०२० मा राष्ट्रिय विकास परिषद् विघटन भयो र एउटा नयाँ केन्द्रीय रूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने गरी उस्तै नाम दिई गठन गरियो । मन्त्रिपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुने गरी आर्थिक विकास मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो ।

वि.सं. २०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयलाई दिइयो । मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोगबाट प्रतिस्थापन भई यसलाई सघाऊ पुऱ्याउन छुट्टै सचिवालय स्थापना गरियो । वि.सं. २०२९ मा तयार गरिएको एउटा वृह्त अध्ययनले प्रतिवेदनबाट प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माण सम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी यसलाई पुनः गठन गरियो ।

योजनासम्बन्धी वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरूपमा सामान्य परिवर्तन गरियो । वि.सं. २०४७ को पहिलो जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना र देशमा संवैधानिक राजतन्त्रको व्यवस्था गरिए पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको थियो । पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको ५ जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था गरियो । मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा समावेश गरियो ।

वि.सं. २०१३ सालदेखि नेपालमा आवधिक योजनाको कार्यान्वयनमा आएको हो । आवधिक योजना सुरुभएयता हालसम्म १३ वटा योजना लागू भइसकेका छन् भने हाल चौधौं योजना कार्यान्वयनको चरणमा छ । नेपालको योजनावद्ध विकास भएको ६ दशक पुरा भएको छ ।

वि.सं. २०१३ सालमा प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएको योजना आयोगको सुरुका वर्षहरूमा नाम र काममा केही परिवर्तन भएको पाईन्छ । जस्तै २०१४ मा योजना मण्डल, २०१७ मा राष्ट्रिय योजना परिषद्, २०२० मा योजना मन्त्रालय र २०२५ मा राष्ट्रिय योजना आयोगको रूपमा गठन भएको पाइन्छ । हाल यो राष्ट्रिय योजना आयोग गठन आदेशअनुसार सञ्चालित छ । राष्ट्रिय योजना आयोगको गठन तथा कार्यसञ्चालन आदेश, २०६७ मा आयोगको गठन र कार्यक्षेत्र निर्धारण गरिएको

छ, जसमा राष्ट्रको समग्र आर्थिक एवं सामाजिक विकासका लागि क्षेत्रगत नीति तथा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन राष्ट्रिय योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने समेत आयोगको काम, कर्तव्य र अधिकार उल्लेख छ । योजना आयोगले देशको विकासका लागि आवधिक योजनाहरू तर्जुमा गर्ने काम गर्दछ, जसलाई राष्ट्रिय विकास परिषदद्वारा पारित गरि कार्यान्वयनमा ल्याइन्छ ।

नेपालमा हालसम्म लागू गरिएका आवधिक योजना तथा तिनका लक्ष्य र उपलब्धिहरू

१. प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१८)

पहिलो पञ्चवर्षीय योजना (वि.सं. २०१३–१८) ले रु. ३३ करोड खर्च गर्ने लक्ष्य राखेको थियो । पहिलो पटक आवधिक योजना सुरु भएकोले बजेटमा तालमेल मिलाउन नसक्दा पूरै रकम खर्च हुन सकेन । पाँच वर्षको अवधिमा जम्मा रु. २१ करोड ४४ लाख मात्र खर्च भएको थियो । पहिलो योजनामा मूलतः ग्रामीण विकास शीर्षकमा ४ करोड २५ लाख, यातायात, सञ्चार र निर्माण शीर्षकमा १२ करोड ४० लाख, कृषि र जंगल शीर्षकमा ३ करोड २० लाख खर्च गर्ने लक्ष्य राखिएको थियो । यस्तै, उद्योग र खानी शीर्षकमा २ करोड ५० लाख, स्वास्थ्य शीर्षकमा २ करोड ५० लाख, विद्युतमा ३ करोड, सिँचाई र खानेपानीमा २ करोड, शिक्षा शीर्षकमा १ करोड ९० लाख बजेट गर्ने लक्ष्य राखिएको थियो । यस्तै, सर्वे, अनुसन्धान र अध्ययनमा १ करोड २५ लाख गरेर कुल ३३ करोड खर्च गर्ने प्रक्षेपण गरिएको थियो ।

- लक्ष्य-३३ करोड
- खर्च- २१ करोड ४४ लाख

२. दोस्रो त्रिवर्षीय योजना (२०१९-२०२२)

आवधिक योजना सुरु भएको पहिलो वर्षको अनुभवपछि दोस्रो पञ्चवर्षीय योजना (वि.सं. २०१९–२२) मा यसलाई थप व्यवस्थित र प्रभावकारी बनाउने प्रयास गरिएको देखिन्छ । यो योजना अवधिमा कुल ६० करोड खर्च गर्ने लक्ष्य राखिएको थियो भने लक्ष्यको झन्डै शतप्रतिशत खर्च भएको थियो । राष्ट्रिय योजना आयोगका अनुसार यो अवधिमा रु. ५९ करोड ६८ लाख १३ हजार खर्च गरिएको थियो । कुल लागतमध्ये विदेशी सहायताबाट ५० करोड र तत्कालिन श्री ५ को सरकारबाट १० करोड बेहोर्ने लक्ष्य राखिएको थियो ।

यस योजनामा यातायात, सञ्चार तथा बिजुली शीर्षकमा २३ करोड ४५ लाख, उद्योग तथा पर्यटन शीर्षकमा १० करोड २० लाख, व्यवस्थामा सुधार, सर्वे, तथ्यांक, प्रचार तालिम शीर्षकमा ७ करोड ९२ लाख, सामाजिक सेवा शीर्षकमा १० करोड २७ लाख र कृषि, सिँचाइ र वनमा ८ करोड १६ लाख रकम विनियोजन गरिएको थियो । यसरी हेर्दा १३ प्रतिशत व्यवस्थामा सुधार, सर्वे, तथ्यांक, प्रचार तथा तालिममा, ३९ प्रतिशत यातायात, सञ्चार तथा बिजुलीको विकासमा, १४ प्रतिशत कृषि विकासमा, १७ प्रतिशत शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रको लागि छुट्याइएको पाइन्छ । गैरसरकारी क्षेत्रलाई विकासको काममा सरिक गराउन यथाशक्य प्रोत्साहन दिने तत्कालीन श्री ५ को सरकारको नीतिअनुसार यस योजनामा ७ करोडको ऋण उपलव्ध गराउने कार्यक्रम पनि राखिएको थियो । यस रकममध्ये ५ करोड उद्योगतर्फ र २ करोड कृषितर्फ प्रदान गरिने उल्लेख छ ।

यो योजनामा देशको आर्थिक विकासको लागि तर्जुमा गरिएको कुनै पनि योजना गैरसरकारी क्षेत्रमा हुने विकास कार्यलाई समावेश नगरी पूर्णरूपमा आउन नसक्ने भन्दै उक्त क्षेत्रको सहअस्तित्वलाई स्वीकार गरिएको छ । देशको आर्थिक तथा सामाजिक व्यवस्थासम्बन्धी तथ्यांकको अभावमा योजना अवधिमा गैरसरकारी क्षेत्रमा हुने लगानीको अन्दाज तथा बांडफाँट योजनामा समावेश गर्न सकिएको छैन । दोस्रो

योजनामा पहिले छुट्याइएका त्रिशुली योजना, काठमाडौं-कोदारी सडक आदि केही आयोजनाहरू समावेश गर्नको साथै आयोजनाहरूको लागतमा पनि संशोधन गर्दा यो रकम केही बढ्न गएको उल्लेख गरिएको छ ।

- लक्ष्य-६० करोड
- खर्च- ५९ करोड ६८ लाख १३ हजार

३. तेस्रो पञ्चवर्षीय योजना (२०२२-२०२७)

तेस्रो पञ्चवर्षीय योजनादेखि नेपालले क्षेत्रगत प्रक्षेपणसहित विस्तृत आवधिक योजना सार्वजनिक गरेको पाइन्छ । वि.सं. २०२२–२७ सम्म लागू भएको यो योजनामा राष्ट्रिय आय वृद्धि लक्ष्य १९ प्रतिशतसम्म पुऱ्याउने उल्लेख छ भने योजनाले सबैभन्दा बढी प्राथमिकता कृषि क्षेत्रलाई दिएको छ । योजना अवधिभर जम्मा २ अर्ब ५० करोड खर्च गर्ने लक्ष्य लिइए पनि १ अर्ब ७७ करोड ९० लाख ६५ हजार मात्र खर्च भएको तथ्यांक छ । जसमध्ये सार्वजनिक क्षेत्रमा १ अर्ब ७४ करोड, पञ्चायतका लागि २४ करोड र गैरसरकारी क्षेत्रका लागि ५२ करोड खर्च अनुमान गरिएको थियो । योजनामा हुने कुल खर्चका स्रोतमध्ये करबाट ५४ करोड ५६ लाख, आन्तरिक ऋणबाट ५ करोड तथा वैदेशिक सहायता परिचालनबाट १ अर्ब २५ करोड जुटाउने लक्ष्य राखिएको थियो ।

योजनाले यातायात, सञ्चार, विद्युत्, कृषि, ग्रामीण विकास, उद्योग, खानी, सामाजिक सेवा र विविध प्राथमिकताका क्षेत्रका रूपमा लिएको पाइन्छ । जसअनुसार यातायात, सञ्चार, विद्युत्मा ९३ करोड १० लाख, उद्योग तथा खानी शीर्षकमा ४३ करोड ७० लाख, कृषि, तथा ग्रामीण विकासमा ६४ करोड ७० लाख, सामाजिक सेवामा ४१ करोड ४५ लाख र विविध शीर्षकमा ७ करोड रकम विनियोजन गरेको थियो । योजनामा राष्ट्रिय उद्योग नीति, व्यापार नीति, कृषि नीति, मूल्य नीति, क्षेत्रीय विकास नीति लगायतको समेत उल्लेख गरिएको पाइन्छ ।

- लक्ष्य- २ अर्ब ५० करोड
- खर्च- १ अर्ब ७७ करोड ९० लाख ६५ हजार
- मुख्य प्राथमिकताको क्षेत्र-कृषि

४. चौथो पञ्चवर्षीय योजना (२०२७-२०३२)

चौथो पञ्चवर्षीय योजना (वि.सं. २०२७/२८–०३१/३२) मा कुल ३ अर्ब ५४ करोड रूपैयाँ बराबर बजेट खर्च गर्ने लक्ष्य राखिएको थियो । जसमध्ये २ अर्ब ९३ करोड रूपैयाँ पुँजीगत बजेट विनियोजन गर्ने महत्वाकांक्षी लक्ष्य थियो । आवधिक बजेटमध्ये सार्वजनिक क्षेत्रमा २ अर्ब २५ करोड, पञ्चायततर्फ १२ करोड तथा गैरसरकारी क्षेत्रमा ६५ करोड खर्च हुने प्रक्षेपण थियो । आवधिक योजना सम्पन्न हुँदासम्म जम्मा ३ अर्ब ३१ करोड ५६ लाख मात्रै खर्च भएको थियो । यस योजनामा यातायात तथा सञ्चार शीर्षकमा १ अर्ब २५ करोड २० लाख, उद्योग, वाणिज्य, विद्युत् र खानीमा ७२ करोड, कृषि, भूमिसुधार, सिँचाई, वन तथा वनस्पति शीर्षकमा १ अर्ब १७ करोड र पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवामा ३८ करोड १५ लाख रकम विनियोजन गरिएको थियो ।

चौथो योजनामा हुने खर्चको मुख्य स्रोतमध्ये राजस्वको बचतबाट ३३ करोड उपलब्ध हुने प्रक्षेपण गरिएको थियो भने देशका वाणिज्य बैकहरू, बिमा कम्पनी तथा सञ्चय कोषजस्ता सरकारी क्षेत्रका वित्तीय संस्थाहरूको विस्तारका कारण आन्तरिक ऋणबाट १५ करोड उठाउने लक्ष्य राखिएको थियो । यस्तै, वैदेशिक सहायतातर्फ अनुदानको रूपमा १ अर्ब २९ करोड र ऋणको रूपमा २० करोड गरी

जम्मा विदेशी सहायता १ अर्ब ४९ करोडरूपैयाँ चौथो योजनाको लागि उपलब्ध हुने आशा गरिएको उल्लेख छ ।

- लक्ष्य- ३ अर्ब ५४ करोड
- खर्च- ३ अर्ब ३१ करोड ५६ लाख

५. पाँचौ पञ्चवर्षीय योजना (२०३२-२०३७)

पाँचौं योजनाले देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराउने र निजी उद्यमलाई समेत उचित प्रश्रय दिइ कुनै पनि व्यक्ति वा वर्गद्वारा कुनै व्यक्ति वा वर्गमा आर्थिक दबाब नदिने व्यवस्था गर्नुलाई लक्ष्यका रूपमा लिएको थियो । पाँचौ पञ्चवर्षीय योजना (वि.सं. २०३२/३३–०३६/३७) ले ९ अर्ब १९ करोड ७० लाख रूपैयाँ खर्च गर्ने लक्ष्य राखे पनि ८ अर्ब ८७ करोड ६ लाख रूपैयाँ मात्रै खर्च भएको थियो । योजनामा न्यूनतम कार्यक्रमको निम्ति सरकारी क्षेत्रतर्फ ६ अर्ब १७ करोड, पञ्चायत क्षेत्रतर्फ ९३ करोड १० लाख र गैरसरकारी क्षेत्रतर्फ २ अर्ब ९ करोड ६० लाख रूपैयाँ गरी ९ अर्ब १९ करोड ७० लाख विनियोजन गरेको थियो ।

पाँचौं योजनाले जनउपयोगी उत्पादनमा वृद्धि, श्रमशक्तिको अधिकतम उपयोग, प्रादेशिक सन्तुलन र एकीकरणलगायतलाई मुख्य उद्देश्य मानेको छ । यस्तै, पाँचौं योजनाका नीतिमा आन्तरिक साधनको परिचालन, लगानी र उत्पादनको ढाँचा, श्रम उपयोग विधि, आर्थिक स्थिरता, औद्योगिक व्यवस्था, व्यापारको वृद्धि र विविधीकरण, भूमि व्यवस्था र पञ्चायत क्षेत्रको स्थानलाई महत्वका साथ प्रस्तुत गरिएको पाइन्छ । पाँचौं योजनामा लक्ष्यबमोजिम कार्यान्वयन गर्न सरकारी, पञ्चायत र गैरसरकारी क्षेत्रहरूमा गरी २०३१/३२ को स्थिर मूल्यामा जम्मा ९ अर्ब १९ करोड ७० लाख लाग्ने अनुमान गरिएको थियो भने अधिकतम कार्यक्रम सञ्चालन गर्न उक्त तीनै क्षेत्रमा गरी २०३१/३२ को स्थिर मूल्यमा जम्मा ११ अर्ब ४० करोड ४० लाख लाग्ने अनुमान गरिएको पाइन्छ । यसरी निर्धारित न्यूनतम र अधिकतम कार्यक्रम लक्ष्य बमोजिम कार्यान्वयन भएमा कूल राष्ट्रिय उत्पादन आर्थिक वर्ष २०३१/३२ को मूल्यमा वार्षिक ४ देखि ५ प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको थियो । प्रारम्भिक अनुमानबमोजिम आव २०३१/३२ को कुल राष्ट्रिय उत्पादन सोही वर्षको मूल्यमा १४ अर्ब ३२ करोड ६० लाख रूपैयाँ हुने उल्लेख छ । पाँचौ योजनाको अन्त्यसम्ममा अर्थात् २०३६/३७ सम्ममा कूल राष्ट्रिय उत्पादन २०३१/३२ को स्थिर मूल्यमा १७ अर्ब ५१ करोड १० लाखदेखि १८ अर्ब २८ करोड ४० लाख पुग्ने अनुमान गरिएको थियो । सरकारी क्षेत्रमा हुने विकास खर्चमध्ये ८० प्रतिशत मात्र लगानीको रूपमा हुने अनुमानबमोजिम पाचौं योजनाअन्गर्तत हुने जम्मा विकास खर्च ९ अर्ब १९ करोड ७० लाख रूपैयाँदेखि ११ अर्ब ४० करोड ४० लाखमध्ये ७ अर्ब ९६ करोड ३० लाखदेखि ९९ करोड ५० लाख मात्र लगानीको रूपमा हुने देखिएको उल्लेख छ । यसरी लगानी गर्दा योजनाकालमा लगानीको औषत दर करिब १० प्रतिशतदेखि १२ प्रतिशत हुन आउने जनाइएको छ । सरकारी क्षेत्रमा हुने कुल विकास खर्चमध्ये ५५ प्रतिशत आन्तरिक साधनको परिचालनबाट र बाँकी ४५ प्रतिशत वाह्य सहायताबाट व्यहोरिने अनुमान गरिएको थियो । यसअनुसार योजनाअन्तर्गत हुने सम्पूर्ण लगानीको लागि मात्र चाहिने साधन जुटाउन पनि योजनाकालमा कूल आन्तरिक बचतको रकम ५ अर्ब १८ करोड ७० लाख रूपैयाँदेखि ६ अर्ब ५० करोड र थप आन्तरिक वचत रकम ८८ करोड ८० देखि १ अर्ब ४७ करोड ९० लाख रूपैयाँ हुनु आवश्यक रहेको उल्लेख छ । यसरी लगानीको लागि मात्र आन्तरिक वचत रकम जुटाउन योजनाकालमा औषत आन्तरिक वचत दर ६.४ प्रतिशतदेखि ७.९ प्रतिशत र सीमान्त वचत दर २७.८ देखि ३७.४ प्रतिशत हुनु जरुरी रहेको योजानमा उल्लेख छ ।

योजना अवधिमा हुने खर्चका मुख्य स्रोतहरूमध्ये प्रतिवर्ष राजस्व आय स्थिर मूल्यमा वृद्धि भै कूल राजस्व वचत न्यूनतम २ अर्ब ७ करोड २८ लाख र अधिकतम २ अर्ब ४३ करोड २५ लाख रूपैयाँ उपलव्ध हुने अनुमान गरिएको थियो । यस्तै, पाँचौ योजनाकालमा न्यूनतम ५३ करोड ४४ लाख र अधिकतम ६७ करोड आन्तरिक ऋणको रूपमा उठाउने लक्ष्य राखिएको थियो भने संचित विदेशी मुद्रा न्यूनतम ६० करोड र अधिकतम ७५ करोड रूपैयाँ उपयोग गरिने उल्लेख छ । योजना अवधिमा न्यूनतम २ अर्ब ७७ करोड ६५ लाख र अधिकतम ३ अर्ब ३९ करोड ५० लाख रूपैयाँ वाह्य सहायता (अनुदान र ऋण) उपलव्ध हुने अनुमान गरिएको उल्लेख छ ।

- लक्ष्य- ९ अर्ब १९ करोड ७० लाख
- खर्च- ८ अर्ब ८७ करोड ६ लाख रूपैयाँ

६. छैठौं पञ्चवर्षीय योजना (२०३७-२०४२)

छैठौं योजना सुरु हुँदा देशले योजनाबद्ध विकासको बाटोमा प्रवेश गरेको २४ वर्ष पूरा भइसकेको थियो । छैठौं योजना निर्माणपूर्व पछाडि फर्केर देशले आर्थिक विकासको क्रममा हासिल गरेका सफलता र असफलताहरूको लेखाजोखा गर्न खोजेको देखिन्छ । यो योजनाले स्पष्ट रूपमा जनताको जीवनस्तर उकास्ने कार्यलाई प्रमुखताका साथ उठाएको थियो भने जनताका आधारभूत आवश्यकता पहिचान गरी परिपूर्ति गर्ने उद्देश्य लिइएको यो योजना मात्र यस्तो योजना हो जसले कम खर्च गरेर पनि लक्ष्यभन्दा बढी प्रगति गर्न सकेको थियो ।

पहिलो योजना सुरु हुँदादेखि पाँचौं योजनाको अन्त्यसम्ममा विकासको आधारशीला निर्माणको संख्यात्मक प्रगति हेर्दा विभिन्न क्षेत्रहरूमा उल्लेखनीय उपलब्धीहरू हासिल भएको पाइन्छ । पहिले देशभरमा ६२४ किलोमिटर सडक भएकोमा यो योजनाको सुरुवातसम्म आइपुग्दा ४ हजार ९ सय ४० किलोमिटर सडक देशका विभिन्न भागहरूमा फैलिएका थिए भने एक पक्की र चार कच्ची विमानस्थलहरू रहेकोमा यसको संख्या ३९ पुगिसकेको थियो । यस्तै, १ सय २४ वटा मात्र हुलाक अड्डाहरू भएकोमा १ हजार ३ सय ५८ हुलाक पुगेका थिए । टेलिफोन लाइन ३ सय ५० बाट वृद्धि भइ १३ हजार ६ सय ७० तथा विद्युत्तर्फ ६ हजार २८० किलोवाट क्षमता भएकोमा ६८ हजार ३ सय ४६ किलोवाट विद्युत् क्षमता पुगको पाइन्छ । सिञ्चित क्षेत्र पनि करीब १५ हजार हेक्टर भएकोमा त्यसबेलासम्म १ लाख ९८ हजार ४ सय ८१ हेक्टर पुगेको र सामाजिक सेवातर्फ पनि उल्लेखनीय प्रगति भएको देखिन्छ । साक्षर जनसंख्या करिब ४ प्रतिशत भएकोमा २४.३ प्रतिशत भएको अनुमान गरिएको थियो । प्राथमिकता स्कूल उमेरका (६-८ वर्षको) केटाकेटीहरूमध्ये स्कूलमा पढ्न जानेहरूको संख्या १ प्रतिशतबाट बढी ८० प्रतिशतभन्दा बढी पुगेको साथै निम्न माध्यमिक, माध्यमिक र उच्च शिक्षाको तहमा पनि विद्यार्थीहरूको संख्यामा तीव्र वृद्धि भएको पाइन्छ । अस्पताल शैयाको संख्या पनि ६ सयबाट बढेर त्यसबेलासम्म २ हजार ५ सय ८६ पुगेको थियो । स्वच्छ पिउने पानी प्रतिदिन १ सय ३२ लाख लिटर भएकोबाट १ हजार ३ सय ९१ लाख लिटर उपलब्ध गराइएको, कृषि र उद्योग विकासको निम्न चाहने संस्थागत र वित्तीय इकाईहरू स्थापना भइसकेको योजनाको पूर्वाद्धमा गरिएको समीक्षामा उल्लेख छ । योजना अवधिमा विकेन्द्रीकरण ऐन लागू भई केन्द्रका अधिकार र कार्यहरूलाई जिल्ला तथा ग्रामीणस्तरसम्म पुऱ्याउन खोजिएको थियो भने योजनाको अन्ततिर संरचनागत समायोजन कार्यक्रम लागू गरी विकास प्रयासमा उदारवादलाई भित्र्याउने प्रयास शुरु गरिएको पाइन्छ । योजनाका उद्देश्यहरूमा उत्पादनमा बढी दरले वृद्धि गर्ने, उत्पादनशील रोजगारीको अवसर वृद्धि गर्ने र जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने रहेका थिए ।

छैठौं योजनामा बजेटको आकार पनि निकै बढेको देखिन्छ । योजना अवधिभर ३३ अर्ब ९४ करोड खर्च गर्ने अनुमान गरिएको थियो भने यो योजनामा ४.३५ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य रहेकोमा लक्ष्यभन्दा बढी अर्थात ४.४५ प्रतिशत हासिल भएको पाइन्छ । योजनाको मुख्य उद्देश्यमा उत्पादनमा बढी दरले वृद्धि गर्न उत्पादनशील रोजगारीको अवसरमा वृद्धि गर्ने, जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने लगायतका रहेका थिए । यस्तै आधारभूत विकासका नीतिहरूमध्ये कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिने, घरेलु तथा साना उद्योगको विकासमा जोड दिने, निकासी व्यापार र पर्यटन विकासमा जोड दिने, प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र जलस्रोतको विकासमा जोड दिने, सिर्जना गरी सकिएका आधारशिलाहरूको पूर्ण उपयोग गर्नेतर्फ जोड दिने, बढी साधन उपयोग गर्न अर्थतन्त्रलाई सक्षम तुल्याउने, जनसंख्या वृद्धिदर नियन्त्रण गर्ने लगायत रहेका थिए ।

राष्ट्रिय उत्पादन वार्षिक न्यूनतम ४.३ प्रतिशतको दरले बढाउन योजना अवधिमा जम्मा ३३ अर्ब ९४ करोडको विकास खर्च र त्यसमध्ये २५ अर्ब ७५ करोड स्थिर पूँजी निर्माणको लागि लगानीको रूपमा लगाउन आवश्यक हुने अनुमान गरिएको थियो । यो लगानी रकमको अनुमान स्थिर लगानी र थप राष्ट्रिय उत्पादनको अनुपात ४.५:१ हुने अनुमानमा आधारित थियो । जम्मा २५ अर्ब ७५ करोडको लगानी कृषि क्षेत्रमा ८ अर्ब ७ करोड र गैह्रकृषि क्षेत्रमा १७ अर्ब ६८ करोडको लगानी हुने अनुमान गरिएको थियो ।

जम्मा २५ अर्ब ७५ करोडको लगानीमध्ये सरकारी क्षेत्रमा १२ अर्ब ३० करोड र गैह्रसरकारी क्षेत्रमा १३ अर्ब ४५ करोड लगानी हुने अनुमान गरिएको थियो । गैरसरकारी क्षेत्रको लगानीमा पञ्चायत क्षेत्रमा १ अर्ब ८० करोड र निजी क्षेत्र (सरकारी संस्थानहरू समेत)मा ११ अर्ब ६५ करोड लगानी हुने अनुमान गरिएको पाइन्छ । सरकारी क्षेत्रमा १२ अर्ब ३० करोडको लगानी हुने भए पनि कुल विकास खर्च भने २१ अर्ब ७५ करोडको हुने उल्लेख छ । योजना अवधिमा हुने खर्चको स्रोत व्यवस्थापनमध्ये राजश्वको सामान्य वृद्धिबाट योजना अवधिमा जम्मा १३ अर्ब ९३ करोड राजश्व परिचालन हुने अनुमान गरिएको थियो भने योजना अवधिमा १३ अर्ब ५ करोड बराबरको खुद विदेशी सहायता प्राप्त गर्न सकिने अनुमान गरिएको उल्लेख छ । आन्तरिक साधानबाट ८ अर्ब ७० करोड ऋण संकलन गर्नसकिने उल्लेख छ ।

- आर्थिक वृद्धिको लक्ष्य-४.३५ उपलब्धि-४.४५

७. सातौ पञ्चवर्षीय योजना (२०४२-२०४७)

सातौं पञ्चवर्षीय योजनाका लागि पनि अघिल्ला योजनाहरू जस्तै उत्पादनमा बढी दरले वृद्धि गर्ने, उत्पादनशील रोजगारकि अवसरमा वृद्धि गर्ने र जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने जस्ता लक्ष्यहरू राखिएका थिए । यस योजनाका उद्देश्यहरू हासिल गर्न आधारभूत विकास नीतिहरू अबलम्बन गरिने उल्लेख थियो, जसमा कृषि क्षेत्रको विकासलाई सर्वोपरि प्राथमिकता दिने, वन सम्पताको विकास र भू-संरक्षणमा जोड दिने, जलस्रोतको विकासमा जोड दिने, उद्योगहरूको विकासमा जोड दिने, निकासी व्यापार, पर्यटन विकास, जनसंख्याको वृद्धि दरलाई नियन्त्रण गर्ने, राष्ट्रिय आर्थिक एकीकरणको जगलाई बलियो पार्दै लग्ने, आर्थिक व्यवस्थापनको विकेन्द्रीकरण गरी अर्थतन्त्रको सञ्चालनलाई सक्षम बनाउने लगायतका नीतिहरू थिए ।

योजना अवधिमा राष्ट्रिय उत्पादन वार्षिक ४.५ प्रतिशतले बढाउने लक्ष्य निर्धारण गरिएको थियो भने यो लक्ष्य हासिल गर्न कृषि क्षेत्रको उत्पादन वार्षिक ३.५ प्रतिशतका दरले र गैह्रकृषि क्षेत्रको उत्पादन वार्षिक ५.७ प्रतिशतले बढाउनु पर्ने जनाइएको छ । राष्ट्रिय उत्पादन वार्षिक ४.५ प्रतिशतका दरले बढाउन ४० अर्ब ९६ करोडको लगानी हुनुपर्ने अनुमान गरिएको थियो । यस्तो कूल लगानी रकममध्ये

सरकारी क्षेत्रमा १७ अर्ब ५५ करोड र गैह्रसरकारी क्षेत्रमा २३ अर्ब ४१ करोड लगानी हुने अनुमान गरिएको पाइन्छ । गैह्रसरकारी क्षेत्रमा लगानी हुने अनुमान गरिएको रकममध्ये २ अर्ब पञ्चायत क्षेत्रबाट र बाँकी २१ अर्ब ४१ करोड निजी क्षेत्रबाट लगानी हुने अनुमान गरिएको थियो । सातौं योजना अवधिमा राष्ट्रिय उत्पादन बढाउने लक्ष्य हासिल गर्नमा कृषि क्षेत्रले निर्णायक भूमिका खेल्ने भएको हुँदा यस क्षेत्रको विकासमा सर्वोपरि प्राथमिकता दिइएको थियो । यसअनुसार खाद्यान्नको उत्पादन वार्षिक ४.१ प्रशितले र नगदेवालीहरको उत्पादन वार्षिक ५.२ प्रतिशतले बढाइ सबै प्रमुख कृषि बालीहरूको उत्पादन बार्षिक ४.३ प्रतिशतका दरले बढाउने गरी लक्ष्यहरू निर्धारण गरिएको पाइन्छ ।

सातौं योजनाका लागि ५० अर्ब ४१ करोड रकम बाँडफाँड गरिएको थियो । जसमा कृषि, सिँचाइ र वन शीर्षकमा १७ अर्ब २८ करोड, उद्योग, खानी र विद्युतमा रु. १० अर्ब ८४ करोड, यातायात, सञ्चारमा ७ अर्ब २६ करोड, सामाजिक सेवामा १५ अर्ब ३ करोडको योजना बनेको थियो । सातौं योजना अवधिमा कुल ४० अर्ब ८७ करोडको विदेशी सहायता प्राप्त हुने लक्ष्य रहेको थियो ।

८. आठौं पञ्चवर्षीय योजना (२०४९-२०५४)

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि लागू गरिएको आठौं योजनामा दिगो आर्थिक वृद्धि हासिल गर्ने, गरिबी घटाउने तथा क्षेत्रीय असन्तुलन हटाउने उद्देश्यहरू निर्धारित गरिएका थिए । यी उद्देश्यहरू प्राप्तिका लागि उपलब्ध सीमित आर्थिक, मानवीय र संस्थागत साधनहरू प्राथमिकता क्रमअनुसार बाँडफाँट गरिने उल्लेख थियो । जसमा कृषिमा सघनता र विविधिकरण, ऊर्जा विकास, ग्रामीण पूर्वाधारको विकास, रोजगारी सिर्जना तथा मानवीय साधनको विकास (जनशक्ति), जनसंख्या वृद्धिमा नियन्त्रण, औद्योगिक विकास तथा पर्यटन प्रबर्द्धन, निकासी प्रबर्द्धन तथा विविधीकरण, समष्टिगत आर्थिक स्थायित्व, विकास प्रशासनमा सुधार र अनुगमन तथा मूल्यांकन रहेका थिए ।

आठौं योजना तर्जुमा गर्दा राखिएका विकास अवधारणाहरूमा स्वतन्त्र बजारोन्मुख खुला र उदार अर्थव्यवस्थाको माध्यमबाट विकास गर्दै जाने, स्थानीयतहका निकायहरूलाई अधिकार प्रदान गर्दै विकेन्द्रीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्दै जाने, क्षेत्रीय विकासलाई ग्रामीण विकाससँग आवद्ध गरी विकासका प्रतिफल सम्पूर्ण जनताले उपयोग गर्न पाउने स्थितिको सिर्जना गर्दै लैजाने रहेको थियो । यस्तै, सरकारी क्षेत्रको भूमिका मूलतः भौतिक पूर्वाधारको सिर्जना गर्न र आधारभूत सामाजिक सेवाहरूलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउनेमा केन्द्रित गर्ने, निजीक्षेत्र तथा गैरसरकारी संस्थाहरूलाई विकास कार्यमा बढीभन्दा बढी संलग्न गराउने, प्रशासनिक प्रक्रियाहरूलाई सरलीकरण र स्पष्ट गर्ने, सरकारी निर्णय छिटो छरितो गराउने, सरकारी नीतिहरू बढी उदार, सरल र स्पष्ट गर्ने, परिभाषित नीतिहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको आ-आफ्नो अनुभव तथा तुलनात्मक फाइदाको आधारमा बढी प्रभावकारी ढङ्गले काम गर्नसक्ने क्षेत्रहरूमा काम गर्न प्रोत्साहित गर्दै जाने उल्लेख थियो । आठौं योजना अवधिमा विगतको राज्य निर्देशित एवं नियन्त्रित व्यवस्थालाई क्रमशः बजारमा आधारित गर्दै लगी निजी क्षेत्रको सहभागिता र लगानीलाई प्रोत्साहित गर्न सरकारको भूमिकालाई बढी मात्रामा सामाजिक-आर्थिक पूर्वाधार विकासमा केन्द्रित गरी सरकारी दायरालाई सीमित तर प्रभावकारी बनाउने प्रयास भएको थियो ।

आठौं योजना अवधिमा उदार बजारोन्मुख अर्थव्यवस्थाका लागि अनुकुल वातावरण तयार गर्ने, मूल्य अभिवृद्धि कर लागू गर्ने तयारी, सरकारी संस्थानहरूको निजीकरण, अर्थतन्त्रका विभिन्न क्षेत्रमा सरकारी निकायहरूले पाइआएको संरक्षणलाई हटाइ निजी क्षेत्रको संलग्नतालाई बढाउने, अनुदानलाई सीमित गर्ने, विदेशी विनिमयका दरहरू बजारले निर्धारण गर्ने व्यवस्थाका साथै बैंकिंग लगायत वित्तीय संस्थाहरूको स्थापनालाई बढावा दिने आदि प्रयास गरिएको थियो । आठौं योजनामा गाउँलाई विकासको केन्द्रविन्दु बनाउँदै लगी विकास खर्चको ठूलो हिस्सालाई यसै क्षेत्रको विकासतर्फ उन्मुख गर्ने प्रयास

भएको थियो । यस सन्दर्भमा स्थानीयतहका निकायहरूलाई अधिकार प्रदान गर्दै विकेन्द्रीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय निकायहरूमा साधन प्रवाह गर्ने विभिन्न नीति तथा कार्यक्रमहरू पनि सञ्चालनमा ल्याइए । यसप्रकार क्षेत्रीय विकासलाई ग्रामीण विकास र विकेन्द्रीकरणको अवधारणासँग आवद्ध गर्दै लैजाने नीति अंगीकार गरिएको थियो । यस अवधिमा गरिबी घटाउने तथा क्षेत्रीय असन्तुलन कम गर्नेतर्फ नयाँ कार्यक्रमहरू आरम्भ गरियो । राष्ट्रिय विकासका कार्यक्रमहरूलाई स्पष्ट दिशाबोध हुने गरी कृषि क्षेत्रको दीर्घकालीन योजना तयार गरियो । भूमिसुधारका क्षेत्रमा द्वैध स्वामित्वको अन्त्य गर्ने आधार पनि तयार गरियो । सिँचाइ तथा ऊर्जा विकासका लागि विभिन्न नयाँ सम्भावनाहरूको पहिचान गरियो भने समाजका हालसम्म उपेक्षित तथा उत्पीडित जाति-जनजातिको उत्थानका साथै सुकुम्बासी, कमैया, बृद्ध, असहायहरूका लागि विशेष कार्यक्रमहरू सुरु गरिएका थिए ।

आठौं योजनावधिमा आर्थिक वृद्धिदर प्रतिवर्ष औसत ५.१ प्रतिशत गर्ने लक्ष्य राखिएको थियो । यो वृद्धिदर हासिल गर्न कुल मूल्य अभिवृद्धि औसत वार्षिक ४.८ प्रतिशतका दरले वृद्धि हुनुपर्ने अनुमान गरिएको थियो । यस लक्षित आर्थिक वृद्धिदर हासिल गर्नका लागि कृषि क्षेत्रमा ३.७ प्रतिशत र गैरकृषि क्षेत्रमा ६.१ प्रतिशत आर्थिक वृद्धिदर हुनुपर्ने अनुमान गरिएको थियो । यस अवधिमा जनसंख्या वृद्धिदर औसत प्रतिवर्ष २.१ प्रतिशत रहने अनुमानका आधारमा प्रतिव्यक्ति औसत आय ३ प्रतिशतले बढ्ने अनुमान गरिएको थियो । योजनावधिमा कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा) योजनाले तोकेको लक्ष्यअनुसार ५.१ प्रतिशत विन्दुले नै प्रगति भएको देखिएको छ । कृषि क्षेत्रको वृद्धिदर औसत ३ प्रतिशत रहेको थियो भने गैरकृषि क्षेत्रको औसत वृद्धिदर ६.३ प्रतिशत रहेको थियो ।

योजनावधिमा कुल लगानी पहिलो वर्षमा ३५ अर्ब ९१ करोड रहेकोमा अन्तिम वर्षमा ४८ अर्ब ३५ करोड पुग्न गएको थियो । कुल पुँजी निर्माणमा निजी क्षेत्रको लगानी १ खर्ब २८ अर्ब ६२ करोड भएको थियो भने सरकारी क्षेत्रको लगानी ६० अर्ब २६ करोड भएको थियो । आठौं योजना अवधिमा २०४८/४९ को स्थिर मूल्यमा साधारण खर्च ५३ अर्ब ७५ करोड र विकास खर्च १ खर्ब १३ अर्ब ४७ करोड गरी जम्मा १ खर्ब ६७ अर्ब २३ करोड खर्च हुने अनुमान गरिएको थियो । योजना अवधिमा साधारण खर्च २०४८/४९ को स्थिर मूल्यमा कुल ६८ अर्ब ३३ करोड खर्च भइ लक्ष्यभन्दा बढी खर्च भएको थियो

यो योजना दीगो विकासको अवधारणा र योजना कार्यान्वयनमा जनताको प्रत्यक्ष सहभागिता हुने कार्यक्रम तर्जुमा गरिएको पाइन्छ । योजनाले पहिलोपल्ट विकासका क्षेत्रहरूलाई प्राथमिकीकरण गर्ने कार्य गऱ्यो । यसै योजना अवधिमा दीर्घकालीन कृषि योजना (२०५२/५३-२०७१/७२) तर्जुमा भई कार्यान्वयनमा ल्याइयो जसले कृषिलाई विकासको केन्द्रबिन्दुको रूपमा राखी अन्य विकास कार्यक्रमहरू तर्जुमा गर्ने कार्य गऱ्यो । दीगो आर्थिक वृद्धि हासिल गर्ने, गरिबी घटाउने र क्षेत्रीय असन्तुलन घटाउने उद्देश्य लिएको यो योजना अवधिमा गरिबी ४ सय ९५ बाट घटेर ४ सय २५ मा पुग्यो । योजना अवधिमा कुल १ खर्ब ७० अर्ब खर्च हुने अनुमान गरिएकोमा ७६.६५ प्रतिशत मात्र खर्च हुनसक्यो ।

योजना अवधिमा २०४८/४९ को स्थिर मूल्यमा वार्षिक औसत ९.७ प्रतिशतले राजस्व परिचालन वृद्धि गर्ने लक्ष्य रहेकोमा वार्षिक वृद्धिदर ९.२० प्रतिशत रह्यो । राजस्व वृद्धिदर पहिलो वर्ष अप्रत्याशित रूपबाट ३.०२ प्रतिशतमा रहन गयो भने दोस्रो वर्ष १८.६० प्रतिशत, तेस्रो वर्ष १६.७२ प्रतिशत, चौथो वर्ष ४.८६ प्रतिशत भइ अन्तिम वर्षमा ३.८२ प्रतिशतमा झर्न पुग्यो । पहिलो वर्ष विभिन्न वस्तुहरूमा पैठारी महसुलदरमा कम गरिएकोले राजस्व वृद्धिदरमा कमी आएको थियो । दोस्रो र तेस्रो वर्षमा राजस्व वृद्धिदर राम्रो रहन गए तापनि चौथो र अन्तिम वर्ष यसमा निकै कमी आएको थियो । यस्तै, योजनावधिमा कुल विदेशी सहायता २०४८/४९ को स्थिर मूल्यमा रु.७४३५.५ करोड पुग्ने अनुमान

रहेकोमा योजनावधिमा रु. ४९२०.३ करोड मात्र पुग्न सक्यो, जुन लक्ष्यको ६६.२ प्रतिशत मात्र हुन आउँछ ।

९. नवौ पञ्चवर्षीय योजना (२०५४-२०५९)

नवौं पञ्चवर्षीय योजना (वि.सं. २०५४–०५९) ले गरिबी निवारणको लक्ष्य हासिल गर्न स्पष्ट र ठोस कार्यनीतिको तर्जुमा गरी त्यसको कार्यान्वयनबाट गरीब जनसमुदायको जीवनस्तरमा सुधार ल्याइने उल्लेख गरेको थियो । गरिबीलाई दीर्घकालीन र प्रभावकारी रूपमा घटाउन गरिबी निवारणसम्बन्धी क्षेत्रगत र लक्षित कार्यक्रमहरूलाई समन्वयात्मक, एकीकृत तथा प्रभावकारी रूपमा अगाडि बढाइने उल्लेख गरेर यसले गरिबी निवारणलाई मुख्य प्राथमिकता दिएको पाइन्छ ।

योजनाका रणनीतिमा कृषि एवं वन क्षेत्रको एकीकृत विकास एवम् यस क्षेत्रको अगुवाईमा उच्च, दिगो र गरिबी निवारणउन्मुख आर्थिक वृद्धि गर्ने । कृषि, जलस्रोत, उद्योग, पर्यटन र यातायातजस्ता क्षेत्रहरूलाई तुलनात्मक लाभ एवं प्रतिस्पर्धात्मक क्षमताका आधारमा उद्योगको रूपमा विकसित गर्दै औद्योगीकरणको प्रक्रियालाई तीव्र पार्ने, विभिन्न क्षेत्र र समुदायका बीचमा रहेको आर्थिक तथा सामाजिक असमानता खास गरी कृषि, सामाजिक कार्यक्रमहरूको माध्यमबाट कम गर्ने, देशमा उपलब्ध प्राकृतिक, मानवीय र आर्थिक स्रोत र सम्पदाको व्यापक परिचालन र सदुपयोग गरी विदेशी सहयोग माथिको निर्भरता कम गर्ने उल्लेख छ । यस्तै, कृषि, उद्योग, व्यापार आदि आर्थिक क्षेत्रको विकास एवं विस्तारमा सहकारितालाई पनि एक सशक्त माध्यमको रूपमा अङ्गीकार गर्ने, अलग-अलग प्रकारको संरचना भएको अर्थतन्त्रमा एकै किसिमको नीतिबाट संगठित र आधुनिकक्षेत्र तथा असंगठित ग्रामीण र पिछडिएका क्षेत्रका आधारभूत समस्याहरू समाधान गर्न नसकिने भएकाले आधुनिकक्षेत्रको विकास र विस्तारलाई उदार, बजारमुखी आर्थिक नीतिमार्फत् निर्दिष्ट गर्ने तथा ग्रामीणक्षेत्रको विकास र निर्माणका लागि सरकारी क्षेत्रको सक्रिय भूमिका रहने उल्लेख गरिएको पाइन्छ । विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायलाई ग्रामीण विकासको नेतृत्व लिन सक्षम बनाउने तथा पिछडिएका क्षेत्रको विकासलाई विशेष प्राथमिकता दिई यस क्षेत्रका जनतालाई आर्थिक विकासको प्रत्याभूति दिने र सामाजिक क्षेत्र खासगरी शिक्षा, स्वास्थ्य आदिको व्यापक विस्तार गरी दिगो र उच्च आर्थिक विकासका लागि आवश्यक जनशक्ति तयार गर्ने र समाजका पिछडिएका वर्गलाई विकासको मूल धारमा ल्याउने योजनाको रणनीतिमा समेटिएका छन् । यस्तै, जनसंख्या वृद्धिदरलाई क्रमशः कम गर्दै सामाजिक चेतना अभिवृद्धिका साथै शिक्षा र परिवार नियोजन कार्यक्रममा व्यापकता ल्याउने जनाइएको छ ।

योजनाको नीति तथा कार्यनीतिमा आर्थिक सुधारको प्रक्रियालाई अरु सुदृढ गर्दै आर्थिक वृद्धिदरलाई उच्च एवं फराकिलो बनाइने, अधिकांश जनता कृषिक्षेत्रमा आश्रित भएकाले दीर्घकालीन कृषि योजनाको कार्यान्वयनद्वारा कृषिक्षेत्रको विकास गरिने, भू-स्वामित्वमा सुरक्षाको प्रत्याभूति दिँदै भूमिमाथि भूमिहीन कृषकको पहूँच पुऱ्याई एवं स्वामित्वमा विस्तार गर्दै कृषिमा उत्पादकत्व बढाउने तथा कृषिजन्य उद्योगको स्थापना, विकास र विस्तार गरी आर्थिक तथा रोजगारी अभिवृद्धिमार्फत् गरिबी-निवारण गरिने जनाइएको पाइन्छ । यस्तै, विकेन्द्रीकरण, स्थानीय विकास एवं मानवीय संसाधनको विकासका माध्यमबाट पिछडिएका तथा उत्पिडीत जाति, जनजातिहरूलाई आर्थिक, सामाजिकरूपमा सशक्त गर्दै लगिने, यस्तो प्रक्रियामा जनसहभागितालाई मुख्य आधार बनाइने, मानव संसाधनको विकासका साथै उद्यमी तथा सीपमूलक तालिमको व्यापक विस्तार गरी बढ्दो जनशक्तिलाई उद्यमी, स्वरोजगारी र रोजगारी प्राप्त गर्न क्षमतावान् बनाइने उल्लेख गरिएका छन् । यस्ता कार्यक्रमहरूलाई गरिबी निवारणको प्रमुख माध्यम बनाइने पनि उल्लेख छ । यस क्रममा प्राविधिक सहायता एवं सल्लाह र ऋणप्रवाहजस्ता सेवाहरू व्यापकरूपमा गाउँ-गाउँसम्म सञ्चालन गरिने, कृषिक्षेत्र लगायत घरेलु तथा साना उद्योग र पर्यटन क्षेत्रको विकासलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी आय आर्जन र रोजगारीका

अवसरमा व्यापकता ल्याइने, साधनको सीमिततालाई विचार गरी छोटो अवधिमा बढी प्रतिफल दिने, रोजगारीमूलक तथा न्यायोचित वितरणमा टेवा पुऱ्याउने, कृषि, साना तथा घरेलु उद्योग, पर्यटन तथा निर्माणजस्ता क्षेत्रहरूमा बढी लगानी केन्द्रित गरी आय असमानता तथा गरिबी कम गरिने उल्लेख छन् । अर्थतन्त्रको उत्पादन र उत्पादनशीलता बढाउन आर्थिक, सामाजिक पूर्वाधारहरूको विकास र राखिएको छ ।

योजना अवधिको कुल स्थिर पुँजी लगानी २०५३/५४ को मूल्यमा ३ खर्ब ७२ अर्ब ७१ करोड हुनुपर्ने अनुमान गरिएको थियो । उक्त लगानीमध्ये १ खर्ब २५ अर्ब १६ करोड सरकारी क्षेत्रबाट र २ खर्ब ४७ अर्ब ५५करोड निजी क्षेत्रबाट लगानी हुने अनुमान गरिएको थियो । यो कुल लगानीमा कृषि, सिंचाइ तथा वनक्षेत्रको अंश १६.८० प्रतिशत र विद्युत् क्षेत्रको अंश १९.०९ प्रतिशत थियो । त्यस्तै वित्त तथा घरजग्गाको अंश १६.४३ प्रतिशत, सामाजिक सेवाको अंश १७.११ प्रतिशत, यातायात तथा सञ्चारक्षेत्रको अंश १३.०१ प्रतिशत, उद्योग तथा खानीको अंश ९.४७ प्रतिशत, व्यापार, होटल तथा रेष्टुराँको अंश ६.२१ प्रतिशत र निर्माणक्षेत्रको अंश १.८९ प्रतिशत रहने अनुमान थियो । नवौं योजनाको आर्थिक वृद्धिदर ६.० प्रतिशत रहने अनुमान गरिएको थियो ।

१०. दशौं पञ्चवर्षीय योजना (२०५९-०६४)

नेपालमा राजनीतिक संक्रमणका बीचमा लागू भएको दशौं पञ्चवर्षीय योजनाले केही महत्वाकांक्षी लक्ष्य लिएको पाइन्छ । योजनामा सामाजिक परिसूचकहरू बाह्रौं योजनासम्ममा गरिबीको रेखामुनिको जनसंख्यालाई १० प्रतिशतमा झार्ने, अर्धबेरोजगारीलाई १० प्रतिशतमा झार्ने, साक्षरता शतप्रतिशत पुऱ्याउने, जनसंख्या वृद्धिदर १.५ प्रतिशतमा झार्ने, सबै जिल्ला सदरमुकाममा सडक पुऱ्याउने, सबैलाई खानेपानी सुविधा पुऱ्याउने, ८० प्रतिशत जनतामा विद्युत् सुविधा पुऱ्याउने, मातृ मृत्युदर प्रतिलाख २५० मा झार्ने र समष्टिमा देशको आर्थिक वृद्धिदर ८.३ प्रतिशतको विन्दुसम्म पुऱ्याउने परिकल्पना गरिएको थियो ।

योजना अवधिमा ६ खर्ब ४० अर्ब ७० करोड कुल पुँजी लगानी गर्ने योजना रहेको थियो । यस योजनामा कुल स्थिर पुँजी लगानी ६ खर्ब ९अर्ब ८० करोड हुने अनुमान गरिएको थियो, जसमध्ये निजी क्षेत्रबाट ४ खर्ब ४० अर्ब ९ करोड लगानी हुने तथा सरकारी क्षेत्रबाट १ खर्ब ६९ अर्ब ७४ करोड लगानी हुने अनुमान गरिएको थियो । यसरी नै विकास खर्चका स्रोतहरूमा राजश्व बचत ४९ अर्ब ९९ करोड, वैदेशिक सहायतामा १ खर्ब ३४ अर्ब ६२ करोड, अनुदानबाट ५३ अर्ब ८५ करोड, ऋणतर्फ ८० अर्ब ७७ करोड र आन्तरिक ऋणबाट ४९ अर्ब ४१ करोड संकलन गर्ने लक्ष्य रहेको थियो ।

योजनाले बाह्रौं योजनाको अन्त्यसम्म पूरा गर्नेगरी दीर्घकालीन प्रमुख लक्ष्यहरू निर्धारण समेत गरेको पाइन्छ । जसअनुसार वार्षिक आर्थिक वृद्धिदर औषत ८.३ प्रतिशतमा तथा कृषितर्फ ५ प्रतिशत र गैरकृषितर्फ ९.७ प्रतिशतको वृद्धि लक्ष्य राखेको थियो । यस्तौ ३० प्रतिशत राष्ट्रिय बचत/गार्हस्थ उत्पादन अनुपात पुऱ्याउने र ३४ प्रतिशत लगानी/गार्हस्थ उत्पादन अनुपात पुऱ्याउने योजनाको लक्ष्य थियो ।

दशौं योजनाका उद्देश्यहरूमा सरकार, स्थानीय निकाय, गैरसरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको संयुक्त सहभागितामा स्रोत साधनहरूको समुचित परिचालन गर्दै आर्थिक अवसर एवं रोजगारीका क्षेत्रहरू विस्तार गर्ने र सशक्तिकरण गर्ने राखिएको थियो । यस्तै, मानवीय विकास, सुरक्षा तथा लक्षित कार्यक्रमहरूमार्फत महिला, दलित, दुर्गम क्षेत्रका बासिन्दालगायत अतिगरिब एवं पिछडिएका वर्गको साधन तथा आर्थिक उपलब्धिहरूमा पहुँच वृद्धि गर्दै आर्थिक, मानवीय एवं सामाजिक परिसूचकहरूको सुधार गरी गरिबी घटाउनु दशौं योजनाको प्रमुख उद्देश्य रहेको थियो ।

सामाजिक लक्ष्यतर्फ दशौं योजनाको अन्त्यसम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्यालाई ३० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरिएको थियो । त्यस्तै साक्षरता ७० प्रतिशत पुऱ्याउने, शिशु मृत्यु दर ४५ प्रति हजारमा झार्ने, औसत आयु ६२ वर्षमा पुऱ्याउने, खानेपानीबाट लाभान्वित जनसंख्या ८५ प्रतिशत पुऱ्याउने, विद्युत् सेवा पुगेको जनसंख्या ५५ प्रतिशत पुऱ्याउने र सबै गा.वि.स मा टेलिफोन सेवा पुऱ्याउनेजस्ता लक्ष्यहरू रहेका थिए । विभिन्न सामाजिक सूचकहरूमा आउने सुधारबाट मानव विकास सूचकांक पनि १० प्रतिशतले अभिवृद्धि हुने अनुमान गरिएकोमा विकासका विभिन्न लक्ष्यहरूको परिवेशमा अपेक्षित वार्षिक आर्थिक वृद्धिदरको लक्ष्य ६.२ प्रतिशत निर्धारण गरिएको पाइन्छ । तर शान्ति सुरक्षाको वर्तमान अवस्थामा सुधार भइ लगानीको वातावरण सुधार नभएमा आर्थिक वृद्धिदर ४.३ प्रतिशतको सामान्य स्तरमा मात्र रहने अनुमान गरिएको उल्लेख छ ।

११. एघारौ त्रिर्षीय अन्तरिम योजना (२०६४-२०६७)

एघारौं त्रिवर्षीय अन्तरिम योजना (वि.सं. २०६४/६५–६६/६७) ले समृद्ध, आधुनिक र न्यायपूर्ण नयाँ नेपाल निर्माणका लागि आर्थिक, सामाजिक रूपान्तरणको आधार तयार गर्नु यस योजनाको प्रमुख लक्ष्य रहेको थियो । योजना अवधिमा आ.व. २०६३/६४ को स्थिर मूल्यमा चालू खर्च रु. ३ खर्ब ४९ करोड भएको अनुमान गरिएको थियो । यस योजना अवधिमा सरकारको कूल खर्चमध्ये राजस्व परिचालनबाट ३ खर्ब १८ अर्ब ८९ करोड (६२.४ प्रतिशत), आन्तरिक ऋणबाट रु. ५१ अर्ब ८३ करोड (१०.१ प्रतिशत), विदेशी अनुदानबाट ८४ अर्ब १४ करोड (१६.५ प्रतिशत) र विदेशी ऋणबाट ५६ अर्ब ५२ करोड (११.१ प्रतिशत) परिचालन गर्ने लक्ष्य रहेको थियो । योजना अवधिको उपलब्धितर्फ, आ.व. २०६३/६४ को स्थिर मूल्यमा कूल खर्च ५ खर्ब २० अर्ब ६० करोडमध्ये राजस्वबाट ३ खर्ब ४९ अर्ब ६५ करोड, आन्तरिक ऋणबाट ७७ अर्ब ४० करोड नगद मौज्दात परिवर्तन समेत), वैदेशिक अनुदानबाट ६८ अर्ब ७६ करोड र वैदेशिक ऋणबाट २४ अर्ब ७८ करोड परिचालन भएको अनुमान गरिएको थियो । यसरी नै देशमा विद्यमान बेरोजगारी, गरिबी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य रहेको थियो । साथै यस योजनाका यस योजनाका प्राथमिकताका क्षेत्रहरू निम्न बमोजिम थिए : (क) भौतिक संरचनाहरूको पुनर्निमाण र पुनर्स्थापना गर्नुका साथै द्वन्द्व प्रभावितहरूलाई राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरण र समायोजन । (ख) विकासका सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी । (ग) राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउन कृषि, पर्यटन तथा उद्योगलाई टेवा (घ) विद्युत् विकास, सडक, सिंचाइ तथा संचार जस्ता भौतिक पूर्वाधारमा लगानी बढाउने । (ङ) मानव संसाधन विकासका लागि शिक्षा स्वास्थ्य तथा खानेपानी र सरसफाइको क्षेत्रमा लगानी गर्ने आदि थिए ।

१२. बाह्रौ त्रिवर्षीय योजना (२०६७-२०७०)

बाह्रौं त्रिवर्षीय योजना (वि.सं. २०६७/६८–०६९/७०) मा दुई दशकभित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रूपान्तरण गरी क्रमशः समृद्ध, शान्त न्यायपूर्ण नेपाल बनाउने यस योजनाको दीर्घकालीन सोच राखेको पाइन्छ । यस अवस्थामा नेपालमा उच्च आर्थिक वृद्धि हासिल भई गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत न्यून रहने र नेपाल एक समृद्ध आधुनिक राष्ट्रको रूपमा विकसित भएको हुने अनुमान गरिएको छ । देशका सबै क्षेत्रमा शान्ति र सुशासन कायम भएको अवस्था हुनेछ । सबै नेपालीहरूले आफ्नो भविष्य सुनिश्चित गर्नका लागि समान अवसर उपयोग गरेका हुने उल्लेख छन् । समाजमा कानुनी, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, जातीय, लैंगिक, शारीरिक र भौगोलिक समेतका सबै प्रकारका विभेद र असमानता अन्त्य भएको अवस्था हुने दीर्घकालीन सोच राखेको पाइन्छ । त्यसरी नै सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू तथा अति

कम विकसित मुलुकहरूको उत्थान कार्य योजना अनुरूपका लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने, सामाजिक वञ्चितीकरणलाई हटाउँदै आम नेपालीको जीवन स्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धिमार्फत् यस योजनाको अन्त्यमा गरिबीलाई २१ प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेको देखिन्छ । साथै रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरिबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य राखेको छ । विशेषत ठुला आर्थिक-सामाजिक पुर्वाधार निर्माण गर्न सार्वजनिक क्षेत्रको अगुवाई, प्रतिस्पर्धात्मक रूपमा औद्योगिक, व्यापारिक एंव सेवा क्षेत्रको विकास गरी आर्थिक बृद्धि गर्न निजी क्षेत्रको नेतृत्व तथा निर्वाहमुखी ग्रामिण अर्थतन्त्रलाई उत्पादनशील एवं व्यवसायिक बनाई समावेशी तथा समन्यायिक विकास गर्न सामुदायिक/सहकारी क्षेत्रको प्रमुख भूमिका हुने गरी सबै क्षेत्रको विकास गरिने योजना छ ।

बाह्रौ त्रिबर्षीय योजनामा प्राथमिकताका क्षेत्रहरू

१.आर्थिक विकासलाई दिगो, फराकिलो र गरिबी निवारणोन्मुख बनाउन भावी संघीय लोकतान्त्रिक गणराज्य संरचना समेतलाई ध्यानमा राखेर भौतिक तथा सामाजिक पूर्वाधारहरूको सन्तुलित विकासमा जोड दिइनेछ ।

२. कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिँदै पर्यटन, उद्योग र निर्यात व्यापारलाई महत्व दिई रोजगारी सिर्जना र आर्थिक वृद्धि गर्न प्राथमिकता दिइनेछ,

३.राष्ट्रका सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी बढाइनेछ,

४.मानवीय जीवनयापनको निमित्त अत्यावश्यक सेवा (खानेपानी, ऊर्जा/विद्युत, सडक, सञ्चार, खाद्य सुरक्षा, औषधोपचार, शिक्षा) को उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्न यी क्षेत्रहरूमा आवश्यक लगानी अभिवृद्धि गरिनेछ,

५. सुशासनको अभिवृद्धि गरी जनतालाई पुऱ्याउने सेवा सुविधा गुणस्तरयुक्त बनाई सुपथ मूल्यमा समयमै उपलब्ध गराउन जोड दिइनेछ,

६.वातावरणसंरक्षण गरी जलवायु परिवर्तनबाट पर्ने असर न्यून गर्न र अवसरहरूको उपभोगमा ध्यान दिइनेछ,

७. राष्ट्रिय स्तरमा प्राथमिकताप्राप्त महत्वपूर्ण र आम जनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम र आयोजनाहरूलाई उच्च प्राथमिकता दिइनेछ ।

१२ औं योजनाको अन्त्य हुँदै गरेको यो अवस्थामा देशको अस्थिर नीतिका, साथै अन्य आन्तरिक र बाह्य कारणहरूले गर्दा देश विकासमा आशातीत सफलता हासिल गर्न नसकिएको स्वीकार गरिएको छ । यस योजनाले आर्थिक वृद्धिदरको लक्ष्य वार्षिक औसत ५.५ प्रतिशत, गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत २१ मा झार्ने लक्ष्य, कूल आर्थिक वृद्धिदरमध्ये कृषि क्षेत्रतर्फ ३.९ प्रतिशत र गैर कृषि क्षेत्रतर्फ ६.४ प्रतिशतले वृद्धि हुने, उद्योग क्षेत्र ५ प्रतिशत, ग्रामीण विद्युतीकरण करिब ९ प्रतिशत पुऱ्याउने, कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ३.९ प्रतिशत हुने अनुमानित लक्ष्यहरू पूरा गर्न अझ बढी मिहेनत गर्नुपर्ने देखिने उल्लेख छ । अनि मात्र देशले आशा गरेको विकास हात लाग्नेछ ।

- **बाह्रौं योजनाको लक्ष्य तथा उपलब्धि**

क्र. सं.	विवरण	लक्ष्य	उपलब्धि
१.	आर्थिक बृद्धिदर	५.५	४.०
२.	कृषि क्षेत्रको बृद्धिदर	३.९	३.४

३.	गैरकृषि क्षेत्रको बृद्धिदर	६.४	४.२
४.	गरिबीको रेखामुनी रहेको जनसंख्या	२१.०	२३.५
५.	रोजगारी बृद्धि	३.६	२.९

१३. तेह्रौ योजना (त्रिवर्षीय) (२०७०-२०७३)

तेह्रौ योजनाको पृष्ठभूमिमा नेपाल अझै पनि अतिकम विकसीत राष्ट्रको रूपमा रहेको र आगामी राजनीतिक प्रतिबद्धतासहित विकास कार्यमा थप प्रभावकारिता ल्याइएमा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति गर्न सकिने सम्भावना रहेको उल्लेख छ । यसका तीन सूचकहरूमध्ये एउटा सूचक नेपालले हासिल गरिसकेको र ती मध्ये कुनै दुई वटा मात्र सूचक हासिल भए पनि अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्र हुन सक्ने प्रावधान रहेको छ । यसर्थ यस योजनाको उद्देश्य, लक्ष्य, रणनीति तथा प्रथमिकता अतिकम विकसीत राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्नेतर्फ उन्मुख छ । साथै सहस्राब्दी विकास लक्ष्य तथा दक्षिण एसिया क्षेत्रीय सहयोग संगठन (सार्क)का विकास लक्ष्यहरू हासिल गर्ने, दिगो विकास, मानव अधिकार एवं जलवायु परिवर्तन लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा प्रतिबद्धता जनाइएका अन्य विषयहरूलाई समेत सम्बोधन गरी हरित अर्थतन्त्रलाई प्रबर्द्धन गर्दै गरिबी न्यूनिकरण गर्ने तर्फ यो योजना केन्द्रित छ ।

योजनाको दिर्घकालीन सोचअन्तर्गत वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशीलवाट राष्ट्रमा स्तरोन्नति गर्ने राखिएको थियो भने उद्देश्यमा देशमा व्याप्त आर्थिक तथा मानविय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने रहेको थियो । यस्तै, यस योजनाको प्रमुख लक्ष्य गरिबीको रेखामुनि रहेको जनसंख्या १८ प्रतिशतमा झार्ने रहेको थियो । उल्लेखित र अन्य लक्ष्यहरू हासिल भइ मानव विकास सूचकाङ्क तत्कालको ०.४६३ वाट योजनाको अन्तमा ०.५०८, प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलरमा) ७२१ बाट ९०२, मानव सम्पत्ति सूचक ६२.२ बाट ६६.० र आर्थिक जोखिम सूचक २७.८५ वाट २६.९५ पुग्ने अनुमान गरिएको पाइन्छ ।

तेह्रौं योजनाको रणनीतिमा उपर्युक्त उद्देश्य र लक्ष्य हासिल गर्न विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी समावेशी, फराकिलो र दिगो आर्थिक वृद्धि गर्ने, भौतिक पूर्वाधारको विकास गर्ने, सामाजिक सेवाका क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धि गर्ने, सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिवृद्धि गर्ने, लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्ने, जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्नेलगायतका रहेका थिए ।

योजनाका प्राथमिकतामा जलविद्युत तथा अन्य ऊर्जा विकास, कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, विविधिकरण र व्यवसायीकरण, आधारभूत शिक्षा तथा स्वास्थ्य, खानेपानी तथा सरसफाई क्षेत्रको विकास, सुशासन प्रवर्द्धन, सडक तथा अन्य भौतिक पूर्वाधार विकास, पर्यटन, उद्योग र व्यापार क्षेत्रको विकास, प्राकृतिक स्रोत र वातावरण संरक्षण लगायतका राखिएको पाइन्छ ।

योजनाले सन् २०२२ सम्म मुलुकलाई विकासशीलको सूचीमा पुऱ्याउने योजना अवधि (२०७०/७१-२०७२/७३) भर विकास मापन गर्ने मुख्य १९ क्षेत्रको उच्च लक्ष्य राखिएको थियो । तीमध्ये चार क्षेत्रको मात्र लक्ष्य पूरा भएको छ । मुख्य क्षेत्रका लागि तय गरिएको लक्ष्य ७९ प्रतिशत पूरा भएनन् । गरिबी न्यूनीकरण, आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वृद्धिदर, मूल्यवृद्धि, ऊर्जा, भौतिक पूर्वाधार, शिक्षालगायत क्षेत्रको प्रगति निराशाजनक छ ।

१३औं योजनामा जलविद्युत् तथा ऊर्जा, कृषि, उद्योग, पर्यटन, व्यापार, आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधारलगायत क्षेत्र प्राथमिकतामा थिए । यस्तै, विकास प्रक्रियामा सरकारी, निजी र सहकारी क्षेत्रको योगदान बढाउँदै पूर्वाधार विकासमा जोड दिने र शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पहुँच एवं गुणस्तर वृद्धि गर्ने रणनीति थियो । यी सबै क्षेत्रको प्रगति निराशाजनक रह्यो । गरिबीको रेखामुनि रहेका २३.८ प्रतिशत जनसंख्यालाई १८ प्रतिशतमा झार्ने लक्ष्य पर धकेलिएको छ भने १३ योजना असफल हुँदा सामाजिक क्षेत्रमा लगानी बढाएर साहस्राब्दी विकासलक्ष्यको प्रगति कायम राख्न एवं दिगो विकास लक्ष्य हासिल गर्न चुनौती खडा भएको पाइन्छ ।

पूर्वाधार विकासतर्फ ऊर्जा, सडक निर्माण, सिँचाइ, यातायात तथा सञ्चारलगायत कुनै क्षेत्रको पनि लक्ष्य पूरा भएको छैन । आयोगका अनुसार कृषिक्षेत्रमा साढे ४ प्रतिशत, गरिबी १८ प्रतिशतमा झार्ने, मूल्य वृद्धिदर ७ प्रतिशत र १ हजार ४ सय २६ मेगावाट विद्युत उत्पादनको लक्ष्य राखिएको थियो । यी क्षेत्रमा क्रमशः १.१, २१.६, ८.८ प्रतिशत प्रगति र विद्युत उत्पादन ८ सय २९ मेगावाट मात्र भएको छ । सरकारले १० औं योजनादेखि हुम्ला र डोल्पा सदरमुकाममा सडक पुर्याउने लक्ष्य १३ औं योजनासम्म पनि पूरा गर्न सकेन । अपेक्षित आयु, मातृमृत्युदर (प्रतिलाख), टेलिफोन, मोबाइल घनत्व र वनक्षेत्र बढाउने लक्ष्य भने सरकारले पूरा गरेको छ ।

योजनाको अन्त्यसम्म अपेक्षित आयु ७१ वर्ष, मातृ मृत्युदर २५८ (प्रतिलाखमा), टेलिफोन घनत्व १०३.४ प्रतिशत र वनक्षेत्र ४४.७ प्रतिशत पुग्ने अनुमान गरिएको थियो । सबैभन्दा बढी चासो र प्राथमिकतामा परेर पनि ऊर्जा क्षेत्रको लक्ष्य करिब ५० प्रतिशत मात्र पुगेको छ । योजना अवधिभर ८ सय २९ मेगावाट विद्युत उत्पादन, २ हजार ८ सय ४८ किलोमिटर मात्र प्रसारणलाइन निर्माण भएको छ । यस्तै, कुल जनसंख्याको ८७ प्रतिशतमा विद्युत पहुँच पुर्याउने लक्ष्य रहेकोमा जम्मा ७४ प्रतिशत मात्र पुगेको छ भने प्रतिव्यक्ति विद्युत खपत करिब १३० किलोवाट घन्टा छ ।

- **तेह्रौं योजनाको लक्ष्य तथा उपलब्धि**

क्र. सं.	सूचक	लक्ष्य	उपलब्धी
१.	बार्षिक औषत आर्थिक बृद्धिदर (%)	६.०	२.९
	कृषि क्षेत्र(%)	४.५	२.२
	गैर कृषि(%)	६.७	३.४
२.	मुल्य वद्धिदर(%)	७.०	८.७
३.	वार्षिक औषत रोजगारी बृद्धिदर(%)	३.२	२.९
४.	गरिबीको रेखामुनी रहेको जनसंख्या(%)	१८.०	२१.६
५.	अपेक्षित आयु (वर्ष)	७१	६९
६.	मातृमृत्युदर (प्रतिलाख जीवित जन्म)	२१३	२५८
७.	खानेपानी सेवा पुगेको जनसंख्या(%)	९५.०	८३.६
८.	सरसफाइ सुविधा पुगेको जनसख्या(%)	९०.५	८१.०
९.	सारक्षता दर (१५-२४ वर्ष)	९५.०	८८.६
१०	विद्युतमा पहुँच प्राप्त जनसंख्या	८७.०	७४.०
११.	सडक यातायातको कुल लम्वाइ (किमी)	२७,९६५	२९,०३१

१४. चौधौं योजना (त्रिवर्षीय) (२०७३-७६)

नेपालको संविधान-२०७२ जारी भएपछिको पहिलो चरणदेखि चौधौ योजनाका कार्यान्वयनमा छ । संविधानले उद्घोष गरेको समृद्ध नेपालको निर्माण, देश विकासको आवश्यकता एवम् सयुक्त राष्ट्रसंघमार्फत सन् २०३० सम्ममा लागि विश्वव्यापी विकास एजेण्डाको रूपमा अगाडी सारिएको दिगो विकास लक्ष्यहरूलाई आधार मानी यो योजना तयार गरिएको छ ।

सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुको स्तरमा पुग्ने लक्ष्य चौधौं योजनाको छ । उत्पादनशिल रोजगारी उन्मुख र न्यायपुर्ण वितरणसहितको उच्च आर्थिक बृद्धिद्धारा द्रुत गरिवी न्युनिकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्नु यो योजनाको उद्देश्य हो ।

- चौधौं योजनाको लक्ष्य तथा आव २०७२/७३ को स्थिति

क्र. सं	सूचक	आव २०७२/७३ को स्थिति	**चौधौ योजनाको लक्ष्य-०७५/७६मा**
१	वार्षिक औषत आर्थिवृद्धिदर (%)	०.८	७.२
	कृषि क्षेत्र (%)	१.३	४.७
	गैर कृषि (%)	०.६	८.४
२.	गार्हस्थ प्रतिव्यक्ति आम्दानी(रु हजारमा)	७९.४	११६.५
३	गरिबीको रेखामुनीको जनसंख्या (%)	२१.६	१७.०
४.	मावन विकास सुचक	०.५४	०.५७
५.	लैङिक सशक्तिकरण सचकाङ्क	०.५६	०.५८
६.	अपेक्षित आयु (वर्ष)	६९	७२
७.	खानेपानी सेवा पुगेको जनसंख्या (%)	८३.६	९०.०
८.	माध्यमिक तहमा खुद भर्नादर (%)	३७.७	४५.०
९.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	८५१	२३००
१०	विद्युत पहुच प्राप्त जनसंख्या	७४.०	८७.०
११.	सिंचाइ (हेक्टर लाखमा)	१३.९	१५.२
१२.	इन्टरनेट सेवामा पहुँच (%)	४६.४	६५.०

चौधौ योजनाले कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन वृद्धि गर्ने रणनीति लिएको छ । ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण-सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने योजना छ । सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिंदै मावन विकासमा उच्च तथा दिगो सुधार गर्ने योजना छ । आर्थिक,

सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सामाजिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको सरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने रणनीति छ । यस योजनाले लैङ्गिक समानता, समावेशीकरण, वातावरण सरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउनेछ ।

- **चौधौं योजनाको कुल लगानी लक्ष्य (करोडमा)**

अवधि	रकम	प्रतिशत
२०७३/७४	६,६९,५०	२७.६
२०७४/७५	७,८९,५०	३२.६
२०७५/७६	९,६५,९६	३९.८
जम्मा	**२४,२४,९६**	**१००.०**

- खर्च गर्ने लक्ष्य-२४ खर्ब २४ अर्ब,९६ करोड
- कुल गार्हस्थ उत्पादन(आधारभूत मुल्य)को लक्ष्य- ७.२ प्रतिशत

सन्दर्भ सामग्रीहरू

विभिन्न योजनाका दस्तावेजहरू- राष्ट्रिय योजना आयोगको सचिवालय।